# देवानगञ्ज गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

देवानगञ्ज, सुनसरी

१ नं. प्रदेश, नेपाल

### दरभाऊ पत्र सम्बन्धी सूचना

### दोस्रो पटक प्रकाशित मिति २०७७/०३/१४

यस कार्यालयको चालु आ.व.२०७६/०७७ मा गाउँपालिकाको स्वीकृत कार्यक्रम अन्तर्गत कम्प्युटर आपूर्ति कार्यका लागि लागि इच्छुक आपुर्ति कर्ता र उत्पादकहरुले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० र नियमांवली, २०६४ को नियम ८४ बमोजिम दरभाऊ पत्र माध्यमबाट गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त उत्पादक र आपूर्तिकर्ताहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दीको माध्यमबाट दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. तपसिलमा उल्लेखित दस्तुर नंगद बुझाई नगदी रसिद वा नगदै बैंक दाखिला यस कार्यालयको नाममा रहेको NIC ASIA बैंक इनरुवा शाखाको सञ्चित कोष खाता नं. २४३CA५००२१९१७००६ मा जम्मा गरेको सक्कल भौचर , आपूर्ति कर्ता र उत्पादकहरुले व्यवसाय नविकरण भएको इजाजतपत्र, मू.अ.क. दर्ता, प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ताको प्रमाणपत्रको प्रमाणपत्र संलग्न राखी देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्जबाट यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले तेस्रो दिन कार्यालय समयसम्म खरिद गर्न सकिनेछ । खरिद भएको फारम सम्बन्धी कागजात चौथो दिन दिनको १२:०० बजेसम्म देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्जको नाममा सम्बोधन गरी कामको विवरण, दरभाऊ पत्र दाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी दर्ता गराउनु पर्नेछ ।

२. शिलबन्दी दरभाउपत्र साथ देवानगञ्ज गाउँपालिकाको नाममा NIC ASIA बैंक इनरुवा शाखाको धरोटी खाता नं. २४३CA५००२१९१७००२ मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकमको बराबरको नेपाल राष्ट्रिय बैंक मान्यता प्राप्त बैंक बाट देवानगञ्ज गाउँपालिकाको कार्यालयको नाममा जारि भएको कार्य प्रयोजन एवं ठेक्का नं. अनिवार्य रुपमा उल्लेख भएको दरभाउपत्र जमानत पत्र अन्तिम मिति बाट ७५ दिन सम्म म्याद भएको पेश गर्नु पर्नेछ ।

३ दर्ता भएका दरभाऊ पत्र चौथो दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र दरभाऊ पत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्जमा खोलिनेछ । दरभाउ पत्र वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन । दरभाउ पत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको भोलिपल्ट खुलेको दिन सोही बमोजिम हुनेछ ।

४. दरभाउ पत्रमा दररेट भर्दा मू.अ.क. बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा दरभाउ पत्र दाताको सहीछाप भएको हुनुपर्नेछ ।

५. रित नपुगी वा म्याद नाघि आएको वा विभिन्न शर्त उल्लेख गरिएको दरभाउ पत्र उपर कुनै कारवाही हुनेछैन । दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४(संशोधन सहित) बमोजिम हुनेछ ।

७. यो सूचना देवानगञ्ज गाउँपालिकाको www.dewanganjmun.gov.np मा समेत राखिएको छ । साथै थप जानकारीका लागि सम्पर्क नं.९८५२०४३६६७ मा सम्पर्क राख्न सक्नु हुनेछ ।

**तपसिल**

| सि.नं. | दरभाउपत्र नं. | कुल लागत अनुमान (मु.अ.क. बाहेक) | कामको विवरण | धरौटी रु. | फारम दस्तुर ( फिर्ता नहुने गरी ) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | DRM/Computer/Laptop/Printer & Accessory Supply/०१/०७६/०७७ | १३,४४,६६२।०० | डेक्सटप कम्प्युटर, ल्यापटप, प्रिन्टर तथा अन्य इलेक्ट्रोनिक्स समाग्रीहर | ६७,२३४।०० | १०००/०० | |

२०७७।३।१४

त्रिलोचन न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत